कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २५ | अंक: १९७ | वि.सं. २०८२ कार्तिक २३ आइतवार | नेपाल संवत: ११४५, मंसिर कृष्ण चतुर्थी | Sunday 9 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णाली सरकारले थाल्यो रिङ्ग वस्ती विकास कार्यक्रम

# शे–फोक्सुण्डो ताल पुग्न ट्रेकिङ्ग रूट निर्माणको थालनी



**ओम शाही**
**सुर्खेत, २२ कार्तिक ।**

कर्णाली प्रदेश सरकारले नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य डोल्पाको शे-फोक्सुण्डो तालसम्म पुग्ने पदमार्ग स्तरोन्तीको काम अघि बढाएको छ। फोक्सुण्डो तालसम्मको पदयात्रासँगै नजिकमा अवस्थित प्राचिन वस्तीको प्रवर्द्धन गर्न प्रदेश सरकारले रिङ्ग (रिङ्गिबो) वस्ती विकास कार्यक्रम सुभारम्भ गरेको हो। डोल्पाको फोक्सुण्डो गाउँपालिका-८, रिङ्गबोमा शुक्रबार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले विस्ती विकास कार्यक्रमको शिलान्यास गरेका हुन्।

कार्यक्रम अन्तरगत डोल्पाको साङ्टादेखि फोक्सुण्डो तालसम्म पुग्ने पदमार्गको स्तरोन्नति, डोल्पा सदरमुकाम दुनैदेखि ट्रेकिङ्ग रूटको प्रत्येक दुई किलोमिटर दुरीमा १६ वटा प्रतिक्षालयसँगै रिङ्ग वस्तीको भित्रि सडक विस्तार हुनेछन्। त्यस्तै, ढल निकास, वस्तीमा रहेका दुई वटा विद्यालयको पूर्वाधार निर्माण, दुई वटा ट्रस पुल, गुम्बामा खानेपानीको व्यवस्था, फोक्सुण्डो तालको अवलोकन गर्न भ्यु पोइन्टसम्मको पदमार्ग र प्रतिक्षालय, रिङ्ग वस्तीमा संग्रालय, पार्क तथा वस्ती जोखिम कम गर्न तटबन्धन निर्माण लगायतका कामहरू हुनेछन्।

> "५५ प्रदेश सरकारको यो महात्वाकांक्षी कार्यक्रमले नेपालकै गहिरो फोक्सुण्डो तालसम्म पुग्न पर्यटकीय पदमार्ग प्रवर्द्धनमा थप सघाउ पुग्ने अपेक्षा गरिएको छ।

यस कार्यक्रमका लागि प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा २१ करोड १२ लाख बजेट व्यवस्थापन गरेको छ। पूर्वाधार विकास कार्यालय डोल्पा र निर्माण व्यवसायी श्रेया/गठीचौर जेभी काठमाण्डौ बिच निर्माण सम्झौता भएर काम अघि बढेको हो। सम्झौता अनुसार २०८४ असारसम्म आयोजना सम्पन्न हुनेछ। प्रदेश सरकारको यो महात्वाकांक्षी कार्यक्रमले नेपालकै गहिरो फोक्सुण्डो तालसम्म पुग्न पर्यटकीय पदमार्ग प्रवर्द्धनमा थप सघाउ पुग्ने अपेक्षा गरिएको छ।

वस्ती विकास कार्यक्रमको शिलान्यास गर्दै मुख्यमन्त्री कँडेलले निर्माण व्यवसायीलाई जिम्मेवारी अनुरुप काम गरेर कर्णालीको समृद्धिमा सघाउन आग्रह गरे। उनले ठेक्का लिने तर काम नगर्ने प्रवृत्तिको अन्त्य गरे निर्माण व्यवसायीलाई प्रोत्साहन गर्ने बताए। उनले भने, 'काम लिने तर काम नगर्ने प्रवृत्ति अन्य गर्नुस्, कर्णाली समृद्धिको जिम्मेवारी तपाईहरुको हातमा पनि छ। निर्वाध काम गुर्नस, सरकार तपाईको साथमा छ।' सरकारले निर्माण व्यवसायीलाई कुनै समस्यामा नपार्ने बताउँदै उनले जिम्मेवार भएर काम सम्पन्न गर्न अनुरोध गरे।

## सडकसँग जोडियो जिल्ला अस्पताल डोल्पा

जिल्ला अस्पताल डोल्पा अन्ततः सडक सञ्जालसँग जोडिएको छ। भेरी नदीमा पुल नहुँदा अस्पताल सडक सञ्जालसँग जोडिन सकेको थिएन। कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री कँडेलले डोल्पाको दुनैस्थित भेरी नदीमा निर्माण भएको बेलीबृज उद्घाटन गरेसँगै अस्पताल सडक सञ्जालसँग जोडिएको हो।

मुख्यमन्त्री कँडेलले सदरमुकाम दुनैको भेरी नदिमाथी निर्माण भएको कालिका मन्दिर बाट जिल्ला अस्पताल जोड्ने ४८ मिटर लामो बेलिबृज पुल उदघाटन गरेका हुन्। कर्णाली प्रदेश सरकार भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय मार्फत विनियोजित बजेटबाट पूर्वाधार विकास कार्यालय डोल्पाले ठुलीभेरी नदीमा निर्माण गरेको उक्त पुलको मुख्यमन्त्री कँडेलले बुधवार बिधिवत रुपमा उद्घाटन गरेका हुन्।

पुल उद्घाटन गर्दै मुख्यमन्त्री कँडेलले सकारात्मक सोच र सामुहिक प्रयासले विकास सम्भव भएको बताए। बजेट पारेर मात्र विकास नहुने भएकाले त्यसकालागि आ-आफ्नो तर्फबाट सबै लाग्नुपर्ने र डोल्पाको विकासकालागि प्रदेश सरकार सधै तयार रहेको उनको भनाइ छ।

जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकायको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्री मन्त्री शेरबहादुर बुढाको समेत उपस्थित थिए। सो अवसरमा मन्त्री बुढाले बेलिब्रिज पुल निर्माणपछि अस्पतालमात्र नभई फोक्सुन्डो ताल पुग्ने पर्यटककालागि पनि धेरै सहज भएको बताए।

मुल्य अभिवृद्धी करसहीत चार करोड १७ लाखमा बनेको उक्त पुल जिल्लामै सबैभन्दा लामो बेलिब्रिज पुल हो। यसले जिल्ला अस्पतालसँगै हेलिप्याडसम्म सडक जोड्ने भौतिक पुर्वाधार कार्यालय डोल्पाका प्रमुख टेक हितानले बताए।

बाँकी ४ पेजमा

# 'लम्पी स्किन' नियन्त्रणमा खोप र सचेतनाले दिलायो राहत



**सरला सुवेदी**
**बाँके, २२ कार्तिक ।**

बाँके जिल्लाका सातवटै स्थानीय तहमा दुई महिनाअघि देखिएको 'लम्पी स्किन' रोग नियन्त्रणमा आएको छ। खोपको उपलब्धता, मौसममा आएको परिवर्तन र निरन्तर जनचेतनामूलक प्रयासका कारण अहिले अवस्था सामान्य बन्दै गएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नेपालगञ्जका निमित्त प्रमुख तथा वरिष्ठ पशु चिकित्सक गणेशबहादुर पुनले जानकारी दिए।

पुनका अनुसार प्रारम्भिक चरणमा करिब १५० भन्दा बढी पशु चौपायामा संक्रमण देखिए पनि अहिले अधिकांश पशु स्वस्थ भइसकेका छन्। केही स्थानमा दुईवटा पशुको मृत्यु भए पनि हाल नयाँ संक्रमण नदेखिएको बताइएको छ।

यो रोग राप्तीसोनारी, जानकी, नरैनापुर, खजुरा, बैजनाथ, डुडुवा गाउँपालिका र कोहलपुर नगरपालिकाका केही क्षेत्रमा फैलिएको थियो। जानकी गाउँपालिकाका पशु सेवा शाखा प्रमुख दिलबहादुर खड्काले संक्रमण देखिएलगत्तै खोप वितरण सुरु गरिएको र पशुको आहारामा विशेष ध्यान दिइएकाले रोग नियन्त्रणमा आएको बताए। "कसै-कसैले आफ्नै खर्चमा औषधी किने, गाउँपालिकाले पनि सहयोग गऱ्यो। अहिले १६२ संक्रमितमध्ये सातवटा मात्र उपचारमा छन्," उनले बताए।

त्यसैगरी राप्तीसोनारी गाउँपालिकाका पशु सेवा शाखा प्रमुख जयबहादुर कार्कीका अनुसार गाउँपालिका-६ को खल्ला टपरीबाट सुरु भएको संक्रमण वडा नं. ८ सम्म पुगे पनि अहिले नियन्त्रणमा

बाँकी ३ पेजमा

# एमयूलाई सामाजिक मन्त्रालयको ४ करोड अनुदान

**युग संवाददाता**
**सुर्खेत, २२ कार्तिक ।**

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र मध्यपश्चिम विश्वविद्यालय (एमयू) बीच बजेट कार्यान्वयन सम्झौता भएको छ। आर्थिक वर्ष २०८२/८३ का लागि मन्त्रालयबाट मध्यपश्चिम इन्जिनियरिङ क्याम्पसका लागि ल्याब सामाग्री खरिद शीर्षकमा ४ करोड विनियोजन गरिएको थियो।

सो बजेट कार्यान्वयनका लागि शुक्रबार मन्त्रालय र विश्वविद्यालयबीच औपचारिक सम्झौता सम्पन्न भएको हो। सम्झौतामा मन्त्रालयका तर्फबाट मन्त्री घनश्याम भण्डारी र सचिव धोलकराज ढकालले हस्ताक्षर गरेका छन भने विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा. डा. ध्रुवकुमार गौतम, रजिस्ट्रार प्रा. डा. शोभाकर कँडेल र इन्जिनियरिङ डिन डा. राजन सुवालले हस्ताक्षर गरेका छन्। यो सम्झौतासँगै इन्जिनियरिङ शिक्षाको गुणस्तर अभिवृद्धि र प्रयोगात्मक अध्ययनमा सहयोग पुग्ने विश्वास लिइएको छ।

# गुठीचौरद्वारा एक वर्षमा ३३ लाख राजस्व सङ्कलन

**युग संवाददाता**
**जुम्ला, २२ कार्तिक ।**

जुम्लाको गुठीचौर गाउँपालिकाले गत आर्थिक वर्षमा रु ३३ लाख राजस्व सङ्कलन गरेको छ। गाउँपालिकाले गत आर्थिक वर्षमा वडागत रूपमा वडा-१ बाट रु ८२ हजार, वडा - २ बाट रु एक लाख, वडा नं ३ बाट रु एक लाख ५३ हजार, वडा नं ४ बाट रु दुई लाख ६८ हजार र वडा नं ५ बाट रु दुई लाख ५८ हजार ५३१ राजस्व सङ्कलन गरेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मायाँलक्ष्मी बुढाले जानकारी दिए।

त्यसैगरी गाउँपालिकाले मालपोत कार्यालयमार्फत रजिष्ट्रेशन शुल्कबाट रु तीन लाख १३ हजार राजस्व आर्जन गरेको छ। गुठीचौर पर्यटन प्रवर्द्धनका लागि आयोजित प्याराग्लाइडिङ महोत्सवबाट रु आठ लाख ४४ हजार राजस्व सङ्कलन भएको छ।

यसबाहेक, डोजर सञ्चालनबाट रु पाँच लाख ५९ हजार, एम्बुलेन्स सेवाबाट रु ८१ हजार र पशु शाखाबाट रु सात लाख ८४ हजार राजस्व उठेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बुढाको भनाइ छ।

चालु आर्थिक वर्षको कात्तिक महिनाको दोस्रो सातामा मात्रै गाउँपालिकाले रु नौ लाख ९७ हजार राजस्व सङ्कलन भएको गुठीचौर गाउँपालिकाले जनाएको छ।



## सम्पादकीय....

# बालविवाह न्यूनिकरणको नीति परिमार्जन गर !

नेपालको कानुनले बालविवाहलाई जघन्य अपराधका रूपमा परिभाषित गरेको छ । नेपालको संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकमा विवाह गर्न नपाइने व्यवस्था छ। धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न बन्धक बनाउने कार्यमा संलग्न हुनेलाई दण्ड सजाय हुने व्यवस्था छ। यस्तै, मुलुकी अपराध संहिताको दफा १७३ मा २० वर्ष उमेर नपुगी कसैले विवाह गर्न वा गराउन नहुने उल्लेख छ। मुलुकी देवानीसंहिता २०७४ ले विवाह गर्ने उमेर २० वर्ष पूरा भएको हुनुपर्ने अन्यथा उमेर नपुगी गरेको विवाह स्वतः बदर र त्यस्तो विवाह अमान्य हुने गरी परिभाषित गरेको छ। यतिमात्रै होइन बालविवाहको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्थासमेत कानूनले गरेको छ। तर, कानूनले यति ठुलो सजाय करार गरेको भएपनि कर्णालीमा अझै पनि बालविवाह न्यूनिकरण साटो दिनप्रतिदिन बढ्दै गएको छ। कर्णालीका १० वटै जिल्लामा बालविवाहको तथ्यांक डरलाग्दो छ। कर्णालीमा कानूनी दायरामा आएका भन्दा समाजमा लुकेका बालविवाह धेरै छन्। राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार कर्णाली प्रदेशमा ३७ दशमलव नौ प्रतिशत बालविवाह कायम छ।

नेपालमा पुरुष र महिला दुवैको हकमा विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। कर्णालीमा भने १८ वर्ष नपुग्दै विवाह गर्नेको संख्या ३७ दशमलव नौ प्रतिशत रहेको जनगणनाको तथ्यांकले देखाउँछ। जिल्लागत रुपमा सबैभन्दा धेरै बालविवाह सल्यानमा हुन्छ। सल्यानमा उमेर नपुग्दै ४३ प्रतिशतले बालविवाह गर्छन्। सरकारी निकायकै तथ्यांकले कर्णालीमा बाल विवाहको दर उच्च रहेको देखाएको भएपनि बालविवाहका घटना प्रहरीसम्म नपुगेको देखिन्छ।

घरपरिवार तथा गाउँ-समाजकै रोहबरमा बालविवाहका घटना मिलाइने हुँदा यस्ता घटना प्रहरी कहाँ पुग्दैनन्। दुई पक्षबीच कुरा नमिल्दा, रिसइबी तथा अन्तरजातिय विवाह मात्रै प्रहरीमा आउने गरेको बताइन्छ। बालविवाह न्यूनिकरणमा राज्यले कडा कानूनी व्यवस्थासँगै विभिन्न सचेतनामुलक कार्यक्रमका लागि वर्षेनी करोडौं रकम खर्चदै आएको छ।

यसमा विभिन्न दातृ तथा गैरसरकारी संघसंस्थाहरुले पनि व्यापक कार्यक्रम गर्दै आएका छन्। मुलुकी देवानीसंहिता कार्यान्वयन आएयता बालविवाह अन्त्य गर्न कर्णालीमा अभियान नै अभियान चले। रेडियो कार्यक्रम, सडक नाटक, अभिमुखिकरण, तालिमदेखि चेतनामूलक ऱ्यालीलाई व्यापक बनाइएको भनिएपनि बालविवाह दरमा कमी नआउनुले के यी अभियानहरू अभियानमै सीमित भएका हुन् त ? भन्ने प्रश्नहरु उब्जन थालेका छन्। कर्णालीमा बालविवाह न्यूनिकरणका लागि थालिएका अभियान र गरिएका प्रयासहरु झारा टार्नमै सीमित छन्।

बालविवाह कडा कानूनी व्यवस्था गरेर मात्र न्यूनिकरण हुँदैन। कर्णालीमा कतिपय प्रथाजनित हानिकारक संस्कारका कारण बालविवाहले प्रसय पाइरहेको छ। बालविवाह न्यूनिकरणमा सर्वप्रथम परिवार र समाजलाई सचेत नबनाई सम्भव छैन। किनभने अहिले पनि बालविवाहलाई परिवार तथा समाजमा सहज स्वीकार्ने प्रचलन कायमै छ। परिवार र समाजपछि विद्यालय, बालक्लव, युवाक्लव, किशोरी समूहमा बालविवाहविरुद्धका अभियानलाई प्रभावकारी बनाउन सकिएको खण्डमा यसलाई केही हदसम्म न्यूनिकरण गर्न सकिन्छ।

यसर्थ, परिवार, समाज तथा विद्यालयतहबाट उमेर नपुग्दै गरिने विवाहका कारण प्रजनन् स्वास्थ्यमा आइपर्ने नकारात्मक प्रभाव, यसले भविष्यमा निम्त्याउन सक्ने जोखिमसँगै बालबालिकालाई कानूनी सचेतनाका बारेमा मसिनो गरी बुझाउने संयत्रको विकास गर्न आवश्यक छ। यसमा तीन तहका सरकार मध्ये स्थानीय सरकारको विशेष भूमिका खेल्नु पर्दछ।

## विश्व

# उत्तर कोरियाको चेतावनी: थप 'आक्रामक कारबाही' गर्ने घोषणा

**सियोल, २२ कार्तिक ।**

पछिल्लो ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपणपछि अमेरिकालगायत दक्षिण कोरियाले आलोचना गरेपछि उत्तर कोरियाले शनिबार थप 'आक्रामक कारबाही' गर्ने चेतावनी दिएको छ। शुक्रबार गरिएको उक्त मिसाइल परीक्षण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पूर्वी एसियाली भ्रमणको बीचमा भएको हो। राष्ट्रपति ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग भेट गर्ने इच्छा व्यक्त गरेको एक हप्तापछि प्योङयाङले यो कदम चालेको हो। यद्यपि, उत्तर कोरियाले उक्त प्रस्तावमा हालसम्म कुनै प्रतिक्रिया जनाएको छैन।

प्योङयाङका रक्षामन्त्री नो क्वाङ चोलले वासिङ्टन 'उत्तर कोरियाको सुरक्षालाई गम्भीर जोखिममा पार्ने सैन्य गतिविधिमा निर्लज्ज रूपमा संलग्न भएको' आरोप लगाउँदै अमेरिकी र दक्षिण कोरियाली कदमहरूले 'जानाजानी क्षेत्रीय राजनीतिक र सैन्य तनावलाई बढाइरहेको' बताए।

कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले उनको भनाइ उद्धृत गर्दै लेखेको छ, "हामी शत्रुहरूको निरन्तर खतरा विरुद्ध अझ आक्रामक कारबाहीका कदमहरू देखाउनेछौं।" यसअघि, अमेरिकी रक्षामन्त्री पिट हेग्सेथ र उहाँका दक्षिण कोरियाली समकक्षले डिमिलिटाराइज्ड जोन (डिएमजेड) को संयुक्त भ्रमण गरेका थिए। त्यहाँ दुवै नेताले आफ्नो देशबीचको 'बलियो संयुक्त रक्षा प्रतिबद्धता र घनिष्ठ सहयोग' पुनः पुष्टि गरिएको थियो।

यसैबीच दक्षिण कोरियाली नौसेनाका अनुसार अमेरिकी आणविक-सञ्चालित विमानवाहक युएसएस जर्ज वासिङ्टन बुधबार बुसान बन्दरगाहमा रसद सहयोग र चालकदलका सदस्यहरूको विश्रामका लागि पुगेको थियो। प्योङयाङका अधिकारीहरूले यस कदमलाई 'कोरियाली प्रायद्वीपमा तनाव थप बढाउने कार्य' भएको भन्दै आपत्ति जनाएका छन्।

रक्षामन्त्री हेग्सेथको डिएमजेड भ्रमणसमेतलाई प्योङयाङले 'युद्ध उन्मादलाई प्रोत्साहन दिने कदम' का रूपमा लिएको छ। अमेरिकी इन्डो-प्यासिफिक कमान्डले भने शुक्रबारको क्षेप्यास्त्र प्रक्षेपणबारे प्रतिक्रिया जनाउँदै प्योङयाङको कार्यले 'क्षेत्रीय स्थिरतामा गम्भीर असर पार्ने' उल्लेख गरेको छ। वक्तव्यमा भनिएको छ, "संयुक्त राज्य अमेरिका आफ्ना सहयोगी र साझेदार राष्ट्रहरूसँग नजिकको परामर्शमा छ र सुरक्षा प्रतिबद्धता अटल छ।"

दक्षिण कोरियाली सेनाले समेत प्योङयाङको पछिल्लो क्षेप्यास्त्र प्रक्षेपणको कडा निन्दा गर्दै 'दुई कोरियाबीचको तनाव बढाउने सबै कार्यहरू तुरुन्तै रोक्न' आग्रह गरेको छ। गत हप्तामात्रै राष्ट्रपति ट्रम्पले दक्षिण कोरियालाई आणविक पनडुब्बी निर्माण गर्ने योजनामा स्वीकृति प्रदान गरेको घोषणा गरिएको थियो। विश्लेषकहरूका अनुसार यस्तो परियोजनाले दक्षिण कोरियाको नौसेना क्षमतामा ऐतिहाँसिक प्रगति ल्याउनेछ र यसलाई आणविक जहाज भएका सीमित राष्ट्रहरूको सूचीमा पुऱ्याउनेछ। तर उनीहरूका भनाइमा यो कदमले उत्तर कोरियाबाट कठोर र आक्रामक प्रतिक्रिया आउने सम्भावना पनि उस्तै रूपमा बढाएको छ।

# राजनीतिक पाठशालाको सन्देश



✍ **डा दीपेन्द्र रोकाया**



> राजनीतिक नेतृत्वको पहिलो जिम्मेवारी अब जनविश्वास पुनःस्थापना गर्नु हो। व्यक्तिगत स्वार्थ र गुटगत हितभन्दा माथि उठेर सेवा-केन्द्रित राजनीति गर्नसके मात्र लोकतन्त्र बलियो हुन्छ।

नेपाल आज पुनःएक ऐतिहासिक सङ्क्रमणको चौराहामा उभिएको छ। गणतन्त्र, सङ्घीयता र लोकतन्त्रको संस्थागत यात्रामार्फत देशले राजनीतिक रूपान्तरण र अनुभव गर्‍यो, तर स्थायित्व र सुशासनका अपेक्षित परिणाम अझै हासिल गर्न सकेको छैन। संविधानले राजनीतिक ढाँचा र शासन व्यवस्थाको आधार तय गरिसकेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा अझै चुनौती बाँकी छ।

मुलुकले रूपान्तरणको स्वाद चाखिसकेको छ, तर अब स्थायित्व, सुशासन र जनउत्तरदायित्वको यात्रामा प्रवेश गर्नुपर्ने आवश्यकता तीव्र बनेको छ।

यसबीच, नेपालको राजनीति फेरि उथलपुथलको नयाँ चरणमा प्रवेश गरेको छ। प्रमुख दलभित्र सङ्गठनात्मक सङ्कट, वैचारिक द्वन्द्व र नेतृत्वको पुनसंरचना तीव्र बनेका छन्। सत्ताको समीकरणमा हुने बारम्बारको फेरबदलले जनताको भरोसा कमजोर बनाएको छ। यसैबीच, युवा पुस्ताबाट उठेको जेनजी आन्दोलनले दल-राज्य सम्बन्ध र जन-राजनीतिक चेतनामा नयाँ चुनौती र सम्भावना दुवै सिर्जना गरेको छ। यो आन्दोलनले पुरानो राजनीतिक संस्कृतिमा वैकल्पिक सोचको प्रवेश गराएको छ।

यस पृष्ठभूमिमा नेपाल साँच्चिकै एउटा राजनीतिक पाठशाला बनेको छ। जहाँ हरेक असफलता, आन्दोलन र सत्तापरिवर्तनले नयाँ पाठ सिकाइरहेको छ। कतिपयले यसलाई राजनीतिक प्रयोगशाला भन्छन्, तर यथार्थमा राजनीतिशास्त्रको विद्यार्थी हुनुले भन्नै पर्दछ- नेपाल लोकतन्त्र, सङ्घीयता र समाजवादोन्मुख शासनको अभ्यासको गतिशील विद्यालय बन्न गएको छ। स्थापित प्रमुख दलले अहिले आन्तरिक सङ्कटको सामना गरिरहेका छन्। नेतृत्वमा उत्तराधिकारको स्पष्ट नीति छैन, वैचारिक आधार कमजोर छ, साङ्गठनिक एकता गुटबन्दीले ग्रसित छ र कार्यकर्ता स्तरमा निराशा बढ्दो छ। महाधिवेशनका माग तीव्र छन्, तर ती बहसका मञ्चभन्दा औपचारिकता बन्न पुगेका छन्। पुराना सबै दलले समाजवादोन्मुख, प्रगतिशील र जनमुखी नारा लगाइरहेका छन्, तर व्यवहारमा नीति र कार्यक्रममा वैचारिक स्पष्टता छैन। राजनीतिक विचारभन्दा शक्ति सन्तुलन र गठबन्धनको अङ्कगणित प्रमुख बनेको छ।

पछिल्ला वर्षमा सबै दलभित्र फुटजुटको शृङ्खला दोहोरिरहेको छ। यी फुटहरू विचारका कारण होइनन्, अवसर र व्यक्तिगत महत्वाकाङ्क्षाका कारण हुन्। यसले दलहरूको आन्तरिक स्थायित्व कमजोर बनाएको छ र राज्यसत्तामा अस्थिरता निम्त्याएको छ। दलभित्र पद, अवसर र जवाफदेहिता नहुँदा कार्यकर्ता निराश छन्। युवाको ठूलो हिस्सा वैकल्पिक आन्दोलनतर्फ मोडिँदैछन्। कोही स्वतन्त्र अभियानमा, कोही नागरिक दबाब समूहमा, कोही प्रत्यक्ष सडक आन्दोलनमा देखिनुका कारण नै यही हो। यसले दलमुखी राजनीतिमा अविश्वास बढाएको छ।

यही सन्दर्भमा जेनजी आन्दोलनलाई बुझ्नुपर्छ। यो आन्दोलन कुनै दलको निर्देशनमा होइन, स्वतःस्फूर्त रूपमा युवाको असन्तोषको विस्फोट थियो। बेरोजगारी, भ्रष्टाचार, नातावाद र अवसर-अभावले युवापुस्तालाई आक्रोशित बनाएको थियो। जब सरकारले अभिव्यक्तिको स्वतन्त्रता र सामाजिक सञ्जालमा नियन्त्रण गर्ने प्रयास गर्‍यो, तब जनचेतनामा आगो बल्यो। यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ कि अब युवा केबल दर्शक होइन, परिवर्तनका चालक शक्ति हुन्। सकारात्मक रूपमा हेर्दा, जेनजी आन्दोलनले उत्तरदायी नागरिक चेतनाको विकास गराएको छ। राज्यसत्ता र नागरिकबीचको सम्बन्ध पुनःपरिभाषित भएको छ।

राजनीतिक दलहरूका लागि यो चेतावनी र अवसर दुवै हो। यदि तिनीहरूले युवाको आवाज आत्मसात् गर्नसके भने पुनर्जीवनको सम्भावना छ, अन्यथा जनविश्वास झन् टाढा जानेछ। नेपालको राजनीति सधैँ क्षेत्रीय र अन्तरराष्ट्रिय शक्ति केन्द्रहरूको दृष्टिमा रहँदै आएको छ। भारत, चीन र पश्चिमी मुलुकहरूले नेपालको राजनीतिक प्रक्रियामा प्रभाव पार्ने प्रयास नगरेका होइनन्। तर अहिलेको असन्तुलनको मुख्य कारण विदेशी चलखेल भनेर चर्चा गर्नुभन्दा पनि आन्तरिक कमजोरी हो भनी स्वीकार्नु पर्दछ। वैचारिक अस्पष्टता, नीतिगत अस्थिरता र भ्रष्टाचारले विदेशी हस्तक्षेपका ढोका आफैँ खोलिदिएका छन्। त्यसैले जिम्मेवारी नेपाली नेतृत्वकै हो। जसले राष्ट्रिय हित, स्वायत्त नीति र जनअपेक्षाबीच सन्तुलन कायम गर्नुपर्छ। नेपालको राजनीतिक रूपान्तरणको आगामी चरण दलभित्रको सुधारमा निर्भर छ। राज्यका संयन्त्रहरू दल प्रधान छन्। त्यसैले स्थायित्वको आधार पनि दलहरूको आन्तरिक स्थायित्व हो। निर्वाचन समयमै हुनुपर्छ; जनमत प्राप्त नेतृत्व नै स्थिर सरकारको आधार हो। ढिलाइ र असंवैधानिक उपायले लोकतन्त्रको अभ्यासलाई कमजोर बनाउँछ। दलहरूको साङ्गठनिक लोकतन्त्र केवल विधानमा होइन, व्यवहारमा देखिनुपर्छ। पार्टीका महाधिवेशन केवल पद बाँडफाँटको औपचारिकता होइन, विचार र नीतिको प्रतिस्पर्धा हुने मञ्च हुनुपर्छ। नेतृत्व हस्तान्तरणको स्पष्ट प्रक्रिया र नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्नसकेमात्र दलहरूको पुनर्जागरण सम्भव हुन्छ।

राजनीतिक सङ्घीयता मात्र होइन, प्रशासनिक र वित्तीय सङ्घीयता पनि कार्यान्वयन हुनुपर्छ। प्रदेश र स्थानीय तहलाई अधिकार, स्रोत र स्वतन्त्रता दिएर राज्य संरचना सुदृढ गर्न सकिन्छ। सङ्घीयता जनताको नजिक सरकार पुऱ्याउने माध्यम हो।

त्यसैले स्थानीय तहलाई बलियो बनाउन आर्थिक स्वायत्तता अनिवार्य छ। संविधानको मर्मअनुसार समाजवादोन्मुख शासनको कार्यान्वयनका लागि सार्वजनिक संस्थानहरू पारदर्शी र उत्तरदायी हुनुपर्छ। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक सुरक्षामा समान अवसर सुनिश्चित नगरी समाजवादको लक्ष्य पूरा हुन सक्दैन। राजनीतिक नेतृत्वको पहिलो जिम्मेवारी अब जनविश्वास पुनःस्थापना गर्नु हो। व्यक्तिगत स्वार्थ र गुटगत हितभन्दा माथि उठेर सेवा-केन्द्रित राजनीति गर्नसके मात्र लोकतन्त्र बलियो हुन्छ। जनतासँग प्रत्यक्ष संवाद, पारदर्शीता र परिणाममुखी शासनको अभ्यासले मात्र लोकतन्त्रलाई सार्थक बनाउँछ।

नेपालको राजनीतिक यात्रा अहिले पुनर्विचारको चरणमा छ। प्रमुख दलहरू महाधिवेशनको तयारीमा छन्, नयाँ विचार र नयाँ पुस्ता प्रवेशको अपेक्षा बढेको छ। यी प्रक्रियाहरूले सङ्केत गर्छन् कि नेपाल नयाँ राजनीतिक चरणमा प्रवेश गर्दैछ। यदि दलहरूले यस अवसरलाई आत्मसुधार र जनसेवाको माध्यम बनाउँछन् भने नेपालको राजनीति स्थायित्व र रूपान्तरणको नमुना बन्न सक्छ। तर, पुनःअतीतका गल्तीहरू दोहोरिए भने नयाँ पुस्ताले आफ्नै बाटो रोज्नेछ, जुन अब अनिवार्य पनि देखिँदैछ।

नेपालमा राजनीतिक प्रयोग धेरै भयो, तर सबैको सिक्ने प्रवृत्ति कमजोर रह्यो। अब हरेक असफलतालाई शिक्षामा रूपान्तरण गर्न सक्नुपर्छ। यही प्रक्रिया नै नेपालको लोकतान्त्रिक अभ्यासको सार हो। नेपाल साँच्चिकै राजनीतिक पाठशाला हो। जहाँ गल्तीमै पनि सिकाइ छ, सङ्घर्षमै पनि सम्भावना छ। आज दलहरू अलमलमा छन्, तर समयले उनीहरूलाई आत्मसुधारको अवसर दिइरहेको छ।

नेपालको भविष्यको दिशानिर्देश अब स्पष्ट हुनुपर्छ। सुशासन, सामाजिक न्याय र समृद्धिको बाटोमा समाजवादोन्मुख नीति-व्यवहारलाई मूर्त रूप दिनुपर्छ। नेपालको राजनीतिक पाठशालाको अन्तिम सन्देश के हो भने राजनीति अब पदको होइन, परिवर्तन र जनसेवाको अभ्यास बन्नुपर्छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। |
| वृष | सफलताले हिम्मत दिलाउनेछ। प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ। दिगो फाइदा हुने काम प्रारम्भ होला। |
| मिथुन | खर्चिलो कामले अर्थ अभावको स्थिति रहनेछ। आफन्तजनबाट टाढिनुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ। |
| कर्कट | आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। |
| सिंह | वादविवादमा परिए पनि प्रतिष्ठित काम गर्ने समय छ। मिहिनेतले अवसर पनि दिलाउनेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। |
| कन्या | सामाजिक काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ। |
| तुला | स्वास्थ्य कमजोर रहनेछ। खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा पनि सजग रहनुपर्ला। कामको चाप बढ्नेछ। |
| वृश्चिक | प्रियजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। रमाइलो स्थान भ्रमण गर्ने अवसर पनि प्राप्त हुनेछ। परिस्थिति कमजोर देखिए पनि अतिथिका रूपमा सत्कार पाइनेछ। |
| धनु | अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय प्रतीक्षा गर्नुपर्नेछ। परिस्थितिले चुनौती निम्त्याए पनि गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। |
| मकर | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। आर्थिक लाभ हुने काम पनि सम्पादन हुनेछ। |
| कुम्भ | मान्यजनको मार्गदर्शन अनुचित लाग्न सक्छ। चुनौतीपूर्ण विकल्प अँगाल्नाले कुनै अवसर गुम्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनेछ। |
| मीन | दिनभरि विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ। काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ। |

# ओलीसँग प्रतिस्पर्धा तयारीमा पोखरेल

**युग संवाददाता**
**काठमाडौँ, २२ कार्तिक ।**



नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल पार्टीको एघारौं महाधिवेशनमा अध्यक्ष पदका लागि केपी शर्मा ओलीसँग प्रतिस्पर्धा गर्ने संकेत दिएका छन् । दसौं महाधिवेशनमै अध्यक्ष पदका लागि 'डिजर्ब' छु भनेका पोखरेलले एघारौं महाधिवेशनमा विद्या भण्डारी पक्षको समर्थनमा अध्यक्ष पदमा ओलीसँग प्रतिस्पर्धा गर्ने संकेत दिएका हुन् ।

एमालेले पार्टीको सक्रिय राजनीतिमा फर्कन चाहेकी पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण नगरेपछि उनको समेत समर्थनमा पोखरेलले अध्यक्ष पदमा उम्मेदवारी दिने मनस्थिति बनाएका हुन् । भण्डारीले पनि पोखरेललाई अध्यक्ष पदमा उम्मेदवार बन्ने तयारी गर्न आग्रह गरिसकेकी छन् । 'पूर्वराष्ट्रपति विद्या भण्डारीको समेत सहयोगमा वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेलले अध्यक्ष पदमा दाबी प्रस्तुत गर्नु हुनेछ', एमालेका एक नेताले भने, ' उहाँको नेतृत्वमा अब टिम बन्नेछ र पार्टीलाई सामूहिक नेतृत्व प्रणालीमा लगिनेछ ।'

महाधिवेशन मंसिर २७-२९ मा काठमाडौंमा हुने तय भएको छ । महाधिवेशनका क्रममा कोको नेतृत्वमा जाने भन्नेबारे छुट्टै छलफल हुने छ । एमाले अध्यक्ष ओलीले पनि केही दिनअघि एक सञ्चारमाध्यममा सचिवालय बैठकमा छलफल गरेर अघि बढ्ने बताएका छन् ।

भण्डारी निकट एक केन्द्रीय सदस्यका अनुसार पोखरेलले भण्डारीसँगको कुराकानीमा आफूले अध्यक्षका लागि तयारी गरिरहेको र यस विषयमा साथीहरूसँग पनि छलफल गरी निर्णयमा पुग्ने बताएका थिए । ओलीले तेस्रो कार्यकाल पनि आफैं अध्यक्ष हुनेगरी गत भदौमा आयोजित विधान अधिवेशनबाट विधान संशोधन गर्न लगाएका थिए ।

ओलीलाई तेस्रो कार्यकालका लागि अध्यक्ष बनाउने पक्षमा महासचिव शंकर पोखरेल लगायतका नेता देखिएका छन् । तर पोखरेलको पक्षमा यतिबेला कोही देखिएका छैनन् । उपाध्यक्षहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे लगायतले पोखरेललाई साथ दिने सम्भावना रहे पनि उनीहरूले यो विषयमा केही बोलेका छैनन् । पोखरेलले भने आफू स्वाभाविक रुपमा अध्यक्षको दाबेदार रहेको बताइसकेका छन् ।

ओलीका तर्फबाट महासचिव पोखरेलले महाधिवेशनका लागि तयारी गरिरहेका छन् । भण्डारीका तर्फबाट पनि पोखरेलको नेतृत्वमा टिम बनाउने तयारी भैरहेको छ । ओलीले प्रतिस्पर्धीविहीन बन्न पूर्वराष्ट्रपति भण्डारीको नवीकरण भइसकेको सदस्यता पनि रोकेर राखेका छन् । उनले पोखरेललाई पनि 'साइज'मा राख्न खोजेका छन् । विधानबाट वरिष्ठ उपाध्यक्षको पद ओलीकै आग्रहमा हटाइएको हो ।

गत असोजमा सम्पन्न केन्द्रीय कमिटी बैठकमा केही सदस्यले ओलीको नेतृत्व जनताले अस्वीकार गर्ने अवस्था देखिएकाले पुनर्विचार गर्नुपर्ने धारणा राखेका थिए । ' ओलीलाई अब जनताले पार्टी नेतृत्वको रुपमा अस्वीकार गर्ने अवस्था छ । यसमा पार्टीले पुनर्विचार गर्नुपर्छ भन्ने धारणा बैठकमा आएको थियो । यो विषयमा महाधिवेशनबाट टुंगो लगाउने आश्वासन दिइएको छ', एक केन्द्रीय सदस्यले भने ।

२०७८ मंसिरमा सम्पन्न दसौं महाधिवेशनबाट ओली अध्यक्ष निर्वाचित हुँदा उनकै समूहबाट पोखरेल वरिष्ठ उपाध्यक्ष निर्वाचित भएका थिए । संगठक पनि रहेका पोखरेल गुट बनाउन नजानेका कारण पछि पर्दै आएको पार्टीभित्र चर्चा हुने गरेको छ । सचिव योगेश भट्टराईले पटकपटक नेतृत्व पुनर्गठन गर्नुपर्ने प्रस्ताव अघि सार्दै आएका छन् । ' पार्टी अध्यक्ष केपी ओली अब अभिभावक बन्नुपर्छ । नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ', उनी भन्छन् ।

भदौ २३ र २४ को राजनीतिक परिदृष्यलाई पार्टीले विश्लेषण गरेर नेतृत्व हस्तान्तरण र पुस्तान्तरण गर्नुपर्ने धारणा उनको छ । पोखरेल पनि ओलीले पद छाड्नु नै उपयुक्त हुने पक्षमा छन् । असोजमा भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकमा पोखरेलसहित बहुमत पदाधिकारीले अध्यक्ष पद छाड्न सुझाए पनि ओलीले अस्वीकार गरे । उनले महाधिवेशनबाट छिनोफानो गर्ने भन्दै नियमित समयभन्दा १३ महिनाअगावै महाधिवेशन मिति तोकिदए ।

पूर्वराष्ट्रपति भण्डारीको निलम्बनमा राखिएको सदस्यता फुकाउनुपर्ने विषयमा पार्टीका ६ पदाधिकारीले कात्तिक १५ गतेको सचिवालय बैठकमा कुरा राखेका थिए तर ओलीले यस विषयमा आफैं भण्डारीसँग कुरा गर्ने भन्दै टारिदिएका थिए । भण्डारीको पार्टी सदस्यता फुकुवा नभएपछि उनकै समर्थनमा पोखरेल अध्यक्ष पदका लागि अघि सर्ने भएका हुन् ।

विगतमा पोखरेल जता त्यतै संस्थापन भन्ने नजिर छ । माधवकुमार नेपाल महासचिव हुँदा स्थायी कमिटी सदस्य रहेका पोखरेल कोओर्डिनेसन केन्द्रसँगै तत्कालीन महासचिव मदन भण्डारी निकट थिए । 'जनताको बहुदलीय जनवाद'को व्याख्याता पोखरेल जता उभियो त्यतै संस्थापन पक्ष भएको विगतबाट अहिले ओली पनि त्रासमा छन् ।

बुटवलमा भएको आठौं महाधिवेशनमा ओली-माधव नेपाल मिल्दा पोखरेल झलनाथ खनाल खेमाबाट महासचिवको उम्मेदवार भएका थिए । त्यसबेला खनाल नै अध्यक्ष निर्वाचित भएका थिए । नवौं महाधिवेशनमा माधव-झलनाथविरुद्ध पोखरेल ओलीतिर उभिए । महाधिवेशनबाट ओली अध्यक्षमा निर्वाचित भए । १०औं महाधिवेशनमा ओलीलाई सर्वसम्मत गराउने पोखरेलेले प्रयत्न गरेका थिए ।

# नेपालको जलवायु प्रतिबद्धता, साझा सहकार्य र तत्कालीन कार्यको आह्वान

**भीष्मराज ओझा/रासस**
**काठमाडौँ, २२ कार्तिक ।**

नेपालले जलवायु परिवर्तनका सम्बन्धमा विश्वसामु साझा सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि तत्कालीन कार्यको आह्वान गरेको छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०) पूर्वसन्ध्यामा यही कात्तिक २० र २१ गते भएको 'लिडर समिट'मा नेपालले सो आह्वान गरेको हो । वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले नेपालको तर्फबाट वक्तव्य दिँदै नेपालले प्रकृतिमैत्री प्रणाली र वातावरणीय संरक्षणलाई सधैँ प्राथमिकतामा राखेको उल्लेख गरिएको जानकारी दिए ।

"हाम्रो ४६ प्रतिशत भूभाग वनले ढाकिएको छ, जुन स्थानीय समुदाय र आदिवासी जनजातिको सक्रिय सहकार्यमा सुरक्षित गरिएको छ", उनले भने, "सगरमाथा र हिमालय हाम्रो पहिचान मात्र होइन, अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत हुन् । यस कारण नेपाल विश्व जलवायु प्रणाली सन्तुलनमा महत्वपूर्ण योगदानकर्ता हो ।"

सचिव डा. मिश्रले नेपालको कार्बन उत्सर्जन अत्यन्त न्यून भए पनि बलियो नीति र कार्यमार्फत अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै भने, "हाम्रो एनडिसी ३.० र एनएपीले पेरिस सम्झौताप्रतिको प्रतिबद्धता झल्काउँछन् । हामी जीवाष्म इन्धनको चरणबद्ध अन्त्य गर्दै विद्युतीय सवारी र स्वच्छ ऊर्जातर्फ तीव्र रूपान्तरणमा छौं ।"

**सगरमाथा संवाद र साझा दृष्टिकोण**

सचिव डा मिश्रले यस वर्ष काठमाडौँमा सम्पन्न सगरमाथा संवादको स्मरण गर्दै सगरमाथा संवादले बहुपक्षीयता सुदृढ गर्ने र तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको अवगत गराए । यी प्रयासहरूका बाबजुत नेपालमा जलवायु सङ्कट तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले यस वर्ष मात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराए ।

उनले पेरिस सम्झौताले परिणाम दिन थालेको तर आवश्यक गति र परिमाण भने अपेक्षानुसार नभएको उल्लेख गर्दै कमजोर देशका लागि वित्त र प्रविधिको पहुँच अझै जटिल र महँगो भएकाले यसलाई सहज र सबैका लागि सुलभ बनाउनुपर्नेमा जोड दिए ।

नेपालले यस सम्मेलनबाट १.५ डिग्री सेल्सियस तापक्रम लक्ष्यलाई मार्गमा राख्ने रोडम्याप कार्यान्वयन, 'बाकु-बेलेम रोडम्याप'अन्तर्गत १.३ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु वित्त जुटाउने लक्ष्य पूरा, अनुकूलन कोषमा तीन गुणा वृद्धि र हानिनोक्सानीलाई पूर्ण रूपमा कार्यान्वयन गरी कमजोर देशहरूले सो कोषमा प्रत्यक्ष र सरल पहुँच पाउने व्यवस्थाको अपेक्षा गरेको उनले बताए ।

"हामीसँग अब ढिलाइ गर्ने समय छैन । नेपाल विश्वव्यापी पहलहरूसँग कदम मिलाएर यो आपतकालीन अवस्थालाई सम्बोधन गर्न प्रतिबद्ध छ", सचिव डा मिश्रले भने, "आउनुहोस्, हाम्रो जनता, उनीहरूको जीविका र हाम्रो पृथ्वीको सुरक्षाका लागि अब मिलेर कार्य गरौँ ।" कोप-३० मुख्य सम्मेलन यही नोभेम्बर १० देखि २१ तारिख (यही कात्तिक २४ देखि मङ्सिर ५ गतेसम्म) सम्म आयोजना हुँदैछ ।

यसअघिका सम्मेलनमा उद्घाटनको पहिलो र दोस्रो दिन उच्चस्तरीय राजनीतिक नेतृत्वलाई आमन्त्रण गरी उच्चस्तरीय सत्र गरिन्थ्यो । कोप-३० मा भने सम्मेलनको तीन दिनअगाडि नै उच्चतस्तरीय सत्र आयोजना गरी राजनीतिक र प्राविधिक सत्रलाई अलग-अलग गरिएको छ ।

**कृषिमन्त्री डा परियारको नेतृत्वमा सहभागिता**

कोप-३० मा नेपालले मन्त्रिस्तरीय सहभागिता जनाउने गरी तयारी गरेको छ । वन मन्त्रालयका अनुसार मुलुकको बदलिँदो राजनीतिक परिस्थितिका कारण नेपालले कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारको नेतृत्वमा नौ सदस्यीय सानो र छरितो टिलीसहित सहभागिता जनाउने छ ।

सम्मेलनमा लागि मन्त्रीसहितको टोली यही कात्तिक २९ गते ब्राजिल प्रस्थान गर्ने वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले जानकारी दिए । कोप-३० सम्मेलनमा नेपालले सगरमाथा संवादका निष्कर्षका साथ सम्मेलनका उपलब्धिको विश्वव्यापी समीक्षा, जलवायुजन्य हानिनोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६ विषयमा आधारित रहेको आफ्ना एजेन्डा प्रस्तुत गर्ने तयारी गरेको छ ।

त्यस्तै जलवायु वित्त, जलवायुका विषयमा पारदर्शिता ढाँचा, पर्वत, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायका विषयमा आधारित रहेको एजेन्डा प्रस्तुत गर्ने तयारी रहेको डा सहसचिव ढालले जानकारी दिए । त्यसैगरी मन्त्रालयले सम्मेलनको तयारीका लागि सरोकारवाला सरकारी, गैरसरकारी, विकास साझेदारलगायतका प्रतिनिधिसहितको चरणबद्ध बैठक गरी राष्ट्रिय स्थितिपत्र तयार गरिसकेको छ ।

परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ । यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपालले ठूला जलवायुजन्य हानिनोक्सानीको सामना गर्नुपरिरहेको छ ।

## लम्पी...

आएको छ । "सुरुमा भ्याक्सिनको अभावले समस्या भयो, तर अहिले अधिकांश पशुमा रोग नियन्त्रणमा आएको छ," उनले बताए । नरैनापुर गाउँपालिकाका पशु सेवा शाखा प्रमुख जगतराम यादवका अनुसार नरैनापुरमा ८५ वटा पशुमा संक्रमण देखिए पनि भयावह स्थिति सिर्जना भएको छैन । यसबीच जानकी गाउँपालिका-४ का स्थानीय कृषक रामबहादुर बुढा भन्छन, "सुरुमा धेरै डर लाग्यो, गाई-भैंसीमा छाला सुन्निने र दाग आउने समस्या बढेको थियो । अहिले खोप र उपचारपछि सबै ठीक हुँदै छन् । अब हामी पशुको सरसफाइ र पोषणमा अझ ध्यान दिइरहेका छौं ।" अधिकारीहरूका अनुसार निरन्तर निगरानी, खोप व्यवस्थापन र जनचेतनामूलक अभियानले संक्रमण घट्दै गएको र रोगलाई स्थायी रूपमा नियन्त्रणमा ल्याउने प्रयास जारी छ ।


**Sharada Municipality**
**Office Of The Municipal Executive**
**Khalanga, Salyan**
**Karnali Province, Nepal**

**Invitation for Sealed Quotation**

**Date of Notice Publication: 09-11-2025**

1 The Sharada Municipality, Khalanga, Salyan invites sealed quotations from registered bidders for the following.

| S. N. | Description of works | Estimated Amount (Without VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity and Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | Thulajyula - Tatke Irrigation Project, Sharada-15, Salyan (SMO/SQ/W/01/2082/083) | 10,99,254.32 | 1000.00/- | 31,000.00/- | 45 Days and 75 Days respectively from the date of Opening. |
| 2 | Barala – Paikhola - Nepane Road Upgrading Project (SMO/SQ/W/02/2082/083) | 13,80,073.64 | | 38,000.00/- | |
| 3 | Shantinagar-Chaibang Road Upgrading, Sharada-01, Salyan ( SMO/SQ/W/03/2082/083) | 13,81,636.59 | | 38,000.00/- | |
| 4 | Saapmara - Sahutol Road Upgrading, Sharada-04 and 06 (SMO/SQ/W/04/2082/083) | 13,46,078.98 | | 37,500.00/- | |
| 5 | Procurement of Sanitary Pads For School (SMO/SQ/GOODS/ 03/2082/083) | | | 50,000.00/- | |

**Bank Details to deposit the fee for Bid Doc. Fee and Bid Security**

Name of Office: Sharada Municipality, Salyan
Name of Bank: Nepal Bank Limited, Salyan
Revenue Account No. (for Bid Doc.): 07403000001001000001
Rajaswa (revenue) Shirshak No : GA 1.1
Account No. (for Bid Security): 07403000003000000001
Office Code: 801066003

2. Sealed bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 24-11-2025 12:00 hours . Bids received after this deadline will be rejected.

**Chief Administrative Officer**



**स्थानीय सरकार**
**शारदा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२।०७।२३ गते**

यस कार्यालयबाट तपशील बमोजिमको श्रीनगर बसपार्क सञ्चालन तथा व्यवस्थापन राजस्व ठेक्का प्रयोजनको लागि विद्युतिय खरिद प्रणाली मार्फत सूचना मिति २०८२।०५।३० गते आह्वान गरीएकोमा बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८२।०६।२९ गतेसम्म रितपूर्वक दर्ता हुन आएको बोलपत्रदाताहरू मध्ये तपशीलमा उल्लेखित बोलपत्रदाताले पेस गरेको बोलपत्र उच्चतम बोलकर्ता (न्यूनतम मूल्याङ्कित) तथा सारभूत रूपमा प्रभावकारी रहेको भनी मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको खरिद नियमावली २०८१ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरूको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्का शीर्षक | बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित कबोल मूल्य रकम |
|---|---|---|---|---|
| १ | SMO/NCB/ REV/03/082/083 | श्रीनगर बसपार्क सञ्चालन तथा व्यवस्थापन राजस्व ठेक्का | जय बगेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स, सल्यान | ४६,११,१११.०० |

..............................
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

# बाढीपहिरोको क्षतिबाट तीन अर्ब ७८ बराबरको बीमा दावी




**युग संवाददाता**
**काठमाडौँ, २२ कार्तिक ।**

गत असोजमा गएको बाढी पहिरोका कारण पुगेको क्षतिका कारण बीमा कम्पनीहरूमा रु तीन अर्ब ७८ करोड ४० लाख ९० हजार बराबरको दावी परेको छ। गत असोज १७ गतेदेखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण जनधनको क्षति भएको थियो। प्राधिकरणका अनुसार कबूल ४३४ वटा बीमा दावीको आवेदन परेको छ।

प्राधिकरणका अनुसार सम्पत्ति बीमा ३८२, इञ्जिनियरिङ तथा ठेकेदार जोखिम ९२, कृषि तथा बाली बीमा २०९, मोटर बीमा निजीतर्फ ३७, मोटर बीमा सार्वजनिक १०, अन्य बीमा एक र सामुन्द्रिक बीमाका तीन वटा आवेदन परेको छ। कूल ३७ जिल्लामा भएको क्षतिको क्षतिपूर्तिका लागि बीमा दावीको आवेदन परेको छ।

सबैभन्दा बढी १९७ वटा बीमा दावीको आवेदन सुनसरीमा परेको छ। त्यस्तै, इलाममा ६०, काठमाडौँ ८०, मोरङ ९०, झापा २०, पर्सा ७१, रौतटहमा २८ वटा बीमा दावीको आवेदन परेको छ।

प्राधिकरणका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका कारण भएको क्षतिको रु २३ अर्ब २३ करोड बराबरको बीमा दावीको आवेदन परेको छ। यस्तै, गत असारको बाढी पहिरोका कारण भएको क्षतिको कारण रु ९८ करोड ५९ लाख बराबरको बीमा दावीको आवेदन परेको थियो।

## सडकसँग...

बेलिब्रिज निर्माणको जिम्मा रिडार्क नेपालले लिएको थियो। निर्माणको काम सुरु गरेको साडे पाँच महिनामै काम सम्पन्न भएको हो।

'कार्यालयको चासो, समन्वय र सक्रियता भयो भने छोटो समयमै धेरै काम गर्न सकिन्छ भन्ने उदाहारणको रुपमा यो पुल बनेको छ,' हितानले भने। जिल्ला सदरमुकामसम्म मोटरबाटो पुगेर पनि पुल नहुँदा दुर्गमजस्तै भएको जिल्ला अस्पताल अब भने यातायातको पहुँचमा पुगेको छ।


## जन नमुना माध्यमिक विद्यालय
वीरेन्द्रनगर–६, सुर्खेत

### आर्थिक प्रस्ताब खोल्ने बारेको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०७/२३)

यस विद्यालयबाट मिति २०८२/०३/३२ गते प्रकाशित Construction of Prayer and Yoga Hall, Birendranagar 6, Surkhet ठेक्का नं. 01/081-082/NCB/works/JMSS) कार्यको लागि E-Bid मार्फत बोलपत्र गरिएकोमा दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताहरुको बोलपत्रको प्राबिधिक प्रस्ताब मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभाबग्राही देखिएको हुदा सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताब २०८२/०७/३० गते अइतबारका दिन दिनको ठिक १:०० (एक) बजे यस विद्यालयमा खोल्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | उत्तीर्ण बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| १ | Doko Consultant and Construction Pvt. Ltd Thecho |
| २ | Suryakamal - Shivaya J/V, Chitwan |
| ३ | CBAS-TMNS JV Birendranagar-06 , Surkhet |

प्रधानाध्यापक


# लोक तथा दोहोरी गीत प्रतिष्ठानको साधारणसभा




**युग संवाददाता**
**सुर्खेत, २२ कार्तिक ।**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल मातहतको जिल्ला शाखा सुर्खेतले आफ्नो २३ औं वार्षिक साधारण सभा तथा ९ औं जिल्ला अधिवेशन सम्पन्न गरेको छ। कार्यक्रमबाट नयाँ कार्यसमिति चयन गरिएको छ।

नव-निर्वाचित पदाधिकारीहरूमा अध्यक्षमा कबिराज गिरी, प्रथम उपाध्यक्षमा पवन योगी, द्वितीय उपाध्यक्षमा रमेश शाही, महिला अध्यक्षमा लक्ष्मी गिरी, सचिवमा रोशन राना, सह-सचिवमा भरत शाही, कोषाध्यक्षमा पवन बुढा, प्रवक्तामा लक्ष्मी लामिछाने, र सदस्यहरूमा भुवन खराल, यामु मगर र गणेश बिष्ट चयन भएका छन्।

नव-निर्वाचित समितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै वक्ताहरूले सुर्खेतको लोक तथा दोहोरी क्षेत्रको संरक्षण, प्रवर्द्धन र कलाकारहरूको हकहितका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरेका थिए।





## क्यान्सर रोगबारे जानकारी राखौं।

**क्यान्सर रोगमा हुन सक्ने लक्षणहरुः**

- शरीरमा गिर्खा गाँठा-गुठीहरु देखिनु,
- शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
- शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
- लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
- महिनाबारी नभएको समयमा रगत देखिनु, महिनाबारी रोकिएका महिलाको पुनः रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
- स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
- शरीरको वजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
- नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु, ८
- धेरै दिनसम्म टाउको दुखिरहनु, वान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै कित( ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

## इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)








**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।